(ख) संस्थाका कर्मचारीहरूको सेवा, सुविधा तथा शर्त संस्थाले समान उद्देश्य राख्ने संस्थाहरूसँग संयुक्त रूपमा काम गर्ने व्यवस्था, अन्य संस्थाको काम आफ्नो उद्देश्यसँग मेल खाने भए सहयोग र सम्बन्धन लिने तथा दिने व्यवस्थाहरू विनियमद्वारा गरिनेछ ।

(ग) कार्यसमितिले निर्देशीका तथा निर्देशन जारी गर्न सक्नेछ ।

(घ) संस्थाको सदस्यता व्यवस्थित गर्न कार्यसमितिले सदस्यता नियमावली बनाई लागू गर्न सक्नेछ ।

(ङ) कार्यसमितिले बनाएको नियम, विनियम संशोधन गर्नु परेमा कार्यसमितिका सम्पूर्ण पदाधिकारीको उपस्थितीमा पुर्ण बहुमतबाट संशोधन गरी लागू गर्नेछ ।

(च) कार्यसमितिबाट बनाएको विनियमहरु साधारणसभाबाट अनुमोदन गराउनु पर्नेछ ।

(छ) नियम, विनियम नबनेका अवस्थासम्म साधारण सभा र कार्य समितिको निर्णय बमोजिम नै गरिने छ ।

२३. **तदर्थ समिति** :- यो संस्था स्थापना गरी दर्ता गराउनकोलागि गठित तदर्थ समितिले ६ (छ) महिना भित्र विधान अनुसारको निर्वाचन कार्य गर्नका लागि समिति गठन गर्नु पर्नेछ । सो अवधि सम्म तदर्थ समितिले गरेका कामहरु यसै विधान अनुसार भएको मानिनेछ ।

२४. **संस्था खारेजी** :- (१) साधारण सभाले आवश्यक देखेमा पूर्ण सदस्य संख्याको ७५% (पचहत्तर) को उपस्थितिमा विशेष प्रस्ताव पारित गरी संस्था खारेज गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम खोरजीको प्रस्ताव पारित गर्दा साधारण सभाले संस्थाको दायित्व पूर्ण रुपले फर्स्यौट गरीसकेपछि मात्र गर्न सक्नेछ ।

(३) संस्थाको विधान वमोजिम कार्य गर्न नसकेको तथा अन्य कुनै कारणवश संस्था विघटन वा खारेज भएको अवस्थामा संस्थाको नगदी तथा जिन्सी, चल अचल सम्पूर्ण सम्पत्ति स्वत: श्री ५ को सरकारको स्वामित्वमा जानेछ ।

२५. **ऐन अनुसार हुने** :- यस विधानमा उल्लेख नभएका कुराहरु प्रतलित कानून बमोजिम हुनेछ र संस्था दर्ता ऐन, नियम र प्रचलित कानूनसंग बाझिन गएका कुराहरु स्वत: निष्कृय हुनेछन् ।

२६. **विविध** :-

१. आपतकालिन अवस्था :- संस्थाको उद्देश्य विपरित आफ्नो काम, कर्तव्य, अधिकार भित्र रहेर कार्यसमितिले काम गरि रहेको छैन भन्ने स्थानिय अधिकारी समक्ष उजुरी परी त्यसको छानविन गर्दा ठहर हुन आएमा त्यस्ता समितिलाई भङ्ग गरी अर्को समिति नभएसम्मका लागि संस्थाका साधारण सदस्यहरु मध्येबाट तर्दथ समिति गठन गरि संस्थाको कार्यसमितिको निर्वाचन गराई संस्थाको काम कारवाही अगाडि वढाउन सक्नेछ ।

२. यस विधानमा लेखिएका कार्यहरु यस संस्थाले प्रचलित नेपाल कानूनको मनसाय विपरित नहुने गरी श्री ५ को सरकारको नीति निर्देशनको परिधि भित्र रहेर गर्नेछ ।

३. यो संस्थाले आफ्नो कार्यहरु कुनै पनि राजनैतिक गतिविधिहरुमा बिलकुलै अलग्गै रही सञ्चालन गर्नेछ ।

४. निर्देशनको पालना :- स्थानीय अधिकारीले समय समयमा दिएको निर्देशनको पालना गर्नु संस्थाको प्रमुख कर्तव्य हुनेछ ।

१४